annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ९५ पृष्ठ ८ | काठमाडौं, शनिबार १७ साउन २०८२ | श्रावण शुक्लपक्ष सप्तमी नेपाल संवत् ११४५ | SATURDAY, AUGUST 2, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

लाइसेन्स अवधि १० वर्ष

काठमाडौं (अन्नपूर्ण) : सवारीचालक अनुमतिपत्र (लाइसेन्स)को अवधि १० वर्ष हुने भएको छ। सवारी तथा यातायात व्यवस्था ऐन २०४९ मा रहेको लाइसेन्स अवधि ५ वर्ष थियो। ऐनको संशोधन गरी लाइसेन्सको अवधि १० वर्ष बनाइएको छ । ऐन राजपत्रमा प्रकाशित गरी लाइसेन्सको बहाल अवधि १० वर्ष लागू गरिएको छ। सवारी तथा यातायात व्यवस्था ऐन २०४९ संशोधनको दफा ५४ को उपदफा ३ मा लाइसेन्सको अवधि १० वर्ष हुने उल्लेख छ। यो ऐन लागू नहुँदासम्म ५/५ वर्षमा लाइसेन्स नवीकरण गर्नुपर्ने थियो। अब भने १० वर्षमा मात्रै नवीकरण गर्नुपर्ने भएको छ। नयाँ कानुनमा सवारी जाँचपास तथा प्रदूषण परीक्षण केन्द्रमा निजी क्षेत्रलाईसमेत अनुमति दिने व्यवस्था गरिएको छ।

टीपीएस तत्काललाई थमौती

अमेरिका (अन्नपूर्ण) : स्थायी बसोबास अनुमति प्राप्त नभई अस्थायी संरक्षित स्थिति (टीपीएस)को आधारमा अमेरिका बसिरहेका नेपाली नागरिकले तत्काल अमेरिका छाड्न नपर्ने भएको छ। अधिकार प्राप्त सेक्रेटरी अफ होमल्यान्ड सेक्युरिटीले टीपीएस नवीकरण नगर्ने घोषणा गरेसँगै टीपीएसमा रहेका धेरै नेपाली अमेरिका छाड्ने अवस्थामा पुगेका थिए।

तर अमेरिकाको क्यालिफोर्निया राज्यको सानफ्रान्सिस्कोस्थित एक संघीय अदालतमा टीपीएसको निरन्तरताको मागसहित मुद्दा दायर गरिएको थियो। जसमा मंगलबार भएको प्रारम्भिक सुनुवाइपछि बिहीबार अदालतले फैसला गर्दै नोभेम्बर १८, २०२५ सम्म पुनः सुनुवाइ गर्ने र तत्कालका लागि टीपीएस खारेजी प्रक्रिया स्थगन गर्न सेक्रेटरी अफ होमल्यान्ड सेक्युरिटीलाई निर्देशन दिएको छ।

टीपीएस खारेज गर्ने निर्णय कार्यान्वयन तत्काललाई स्थगन गर्न आएको आदेशबाट नेपाल, निकारागुवा र होन्डुरसका करिब ६० हजार टीपीएसमा रहेकाहरूलाई राहत मिलेको छ। अदालतले यो आदेश नगरेको भए आउँदो अगस्ट ५ भित्रमा उनीहरूले अमेरिका छोड्नुपर्ने थियो। नेसनल टीपीएस अलायन्सलगायतले सरकारको निर्णयविरुद्ध मुद्दा दायर गरेका थिए।

भित्री पृष्ठ

प्राचीन नेपाली भाषाको लिखत - पृष्ठ ३

शिक्षा : यात्रा कि यातना ? - पृष्ठ ४

देउडा खेलमा नयाँ प्रयोग - पृष्ठ ५

कभर स्टोरी

जब शिशु चिच्याएर रोयो, मेरो खुसीको आँसु थामिएन

अनमी **जानकी पुजारा** हिजोआज निकै चर्चामा छिन् । बैतडीको सिगास गाउँपालिका–४ स्थित आधारभूत स्वास्थ्यसेवा केन्द्रमा कार्यरत पुजारा सामाजिक सञ्जालमा पनि छाएकी छन् । उनले ६ घण्टा लामो अवधिसम्म शिशुलाई मुखबाट श्वास दिएर बचाएको घटना सार्वजनिक भएपछि देशव्यापी प्रशंसा बटुलिरहेकी छन् । सर्वसाधारणदेखि मन्त्रीसम्मले फोन गरेर उनलाई स्याबासी दिएका छन् । नवजात शिशुलाई ६ घण्टा कृत्रिम श्वास दिएर जीवन दिएकी अनमी पुजारासँग गरिएको कुराकानी ।

कृष्ण विष्ट | *बैतडी*

– को रिपोर्ट

शिशु र आमाको अवस्थाबारे बुझ्न सुत्केरीको घर जाँदै अनमी जानकी पुजारा। ● कृष्ण विष्ट

अनमीले ६ घण्टा कृत्रिम श्वास दिएर बचाइन् शिशुको ज्यान

कृष्ण विष्ट | बैतडी

बैतडीको सिगास गाउँपालिका–४ को २० वर्षीय लक्ष्मी पाण्डेलाई गत बिहीबार सुत्केरी बेथाने रुग्णावस्था स्याबोसेस आधारभूत स्वास्थ्य सेवा केन्द्र कान्छाबाम पुऱ्याए। स्वास्थ्यका सबै सुचकहरू सामान्य हुँदाहुँदै उनलाई अस्पताल पीडा सहेर रहेर ९ बजे शिशुलाई जन्म दिएछ।

तर, शिशुको अवस्था सामान्य देखिएन। सामान्य अवस्थामा जस्तै शिशु रुने, हात हुँइकुर चलाउनेलगायतका लक्षण देखिएन। श्वास लिनै मुश्किल चलको अवस्था थियो। सुत्केरी गराउनकी सोही स्वास्थ्य संस्थाकी अनमी जानकी पुजारालाई गाउँपालिकाको स्वास्थ्य शाखाबाट शिशुको अवस्थाबारे जानकारी गराइन्। शिशुको अवस्था किले नाजुक रहेकाले तत्काल अस्पताल लैजानुपर्ने थियो। अस्पताल लैजान माथिल्लो निकायमा पहल गरिएन उनले अनुरोध गरिन्।

सीसीको समय भाकाले हेलिकप्टरबाट उद्धार गर्न अझै अवस्था जपाएको भन्ने जानकारी अनमी जानकीले पाएपछि भनै आएद् आइलाग्यो। शिशुलाई अस्पताल लैजान ग्रामीण सडकसम्म पुऱ्याइन ने करिब ४ घण्टा लाग्ने गर्छ। त्यो पनि सम्भव भएन। उसले पीडामा रहेकी लक्ष्मीको अँठामा आँसु भरेकाको थियो। अस्पताल लैजान असम्भव प्राय: भएकोबेलि अनमी पुजारासंग एकमात्रै विकल्प थियो, कृत्रिम श्वास दिने। स्थान माग र रुपाई मागेको कुने विकल्प नरहेको अवस्थामा अनमी पुजारासंग आफ्नो सेवा अनुभवबाट शिशुलाई मुखबाट श्वास दिन थालिन्।

रात्रि ९ बजेदेखि कृत्रिम श्वास दिन थालेकी पुजाराले लगातार ६ घण्टापछि बिहान ३ बजेको समयमा बल्ल शिशुले सानो स्वर निकालेर रुन थाल्ने। तब पुजाराको आँठमा शीतो देखिएछ। शिशुलाई जन्म दिएकी लक्ष्मीको मुहारमा पनि आँसुसँगै खुसीका मुस्कान देखिएछ।

'स्वास्थ्य संस्थामा मेरो ६ वर्षको अनुभव छ। मेरो आत्मसम्म यसबाट तथा वृद्धवृद्धाहरुलाई भएको कृत्रिम श्वासको दिएको छु। नेपालमा शिशुलाई दिएको यो पहिलोपटक हो, अनमी पुजाराले भनिन्।

अहिले शिशुको अवस्था सामान्य रहेको अनमी पुजाराले बताइन् । सुत्केरी भाएपछाड़ गहिरो निर्यातित जीव भनि उनले चेतावनी छन्। भौगोलिक विकटताका कारणले यसैगरी अस्पताल समस्या भोग्नुपर्ने अवस्था छ। सडकको सहज पहुँच नभएको विरामीलाई खर्चनिकैर्क संस्था प्रयासमा पनि दिलाउन हुने गरेको छ। त्यसैगरी गाउँपालिकामा कर्मचारीको पण्डुर्लिमा संघीय र प्रदेश सरकारले थोरो जरिदा कराएका कर्मचारीहरुले सेवा थानेका छन्। गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख धनश्याम लिहि बाहराने अवस्थाका दरबन्दीका कर्मचारी नहुँदा कराका कर्मचारीबाट सेवा प्रवाह भइरहेको बताए। 'भौगोलिक विकटता एक समस्या छँदैछ, तर मुख्य समस्या यहाँ कर्मचारीको छ। प्रदेश र संघबाट कर्मचारी जरिदा कराएम भन्दा गरेर राख्न परेको छ, शाखा प्रमुख धनश्याम लिहि बोइराले भने।

गाउँपालिका र यदा स्वास्थ्यचौकी र पाँच वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र छन्। त्यसमा अधिकांश कराका कर्मचारी छन्। गाउँपालिकामा रहेका सबै वर्डिङ सेन्टरमा कराएकै कर्मचारीहरू रहेका गाउँपालिकाले जनाएको छ।

उच्च शिक्षा अध्ययन गर्न छोरी मान्छे घरबाहिर जाँदा गाउँमा कुरा काट्ने गर्थे । तर, बुवाले जेनतेन संघर्ष गरेर हामी सबै दिदीबहिनीलाई पढाउनुभयो ।

यो नै बन्छु भनेर हिँडेकी थिइनँ । एसएलसीपछि अनमी गर्ने इच्छा जाग्यो । छात्रवृत्तिमा नाम निकालेँ । पहिलो वर्ष प्रथम भएँ । दोस्रोमा डिस्टिंसन ल्याएँ ।

यस्तो दुर्गम क्षेत्रमा सेवा दिन पाउँदा खुसी छु । यो पेसाप्रति माया पनि बढेकाले काम गर्दा कुनै झन्झट मान्ने गरेकी छैन ।

मैले सालनाल काटेँ । बच्चालाई पुछेँ । कोल्टे फेराएँ । चलाउने प्रयास गरेँ । बच्चाले कुनै प्रतिक्रिया दिएन । म निकै आत्तिएँ ।

मुखबाट श्वास दिइरहेकै बेला बच्चाको छाती फुलेको देखेँ । छोड्नेबित्तिकै घाँटीबाट पनि घ्यार्र आवाज आयो । तर, ठोस प्रगति देखिएन ।

लगातार श्वास दिन छोडिनँ । श्वास दिँदादिँदा निकै थकाइ लाग्यो, मेरो छाती फुल्न थाल्यो तर लगातार श्वास दिइरहेँ ।

बिहानको करिब ३/साढे ३ बजेको हुँदो हो । बच्चाले अचानक खुट्टा चलायो । मैले बच्चाको मुखबाट आफ्नो मुख छोडिदिएँ । त्यसपछि बच्चा चिच्याएर रोयो ।

बच्चा जति धेरै आवाज निकालेर रुन थाल्थ्यो, हामी त्यति नै धेरै खुसी हुँदै गयौं । अनि, मैले बल्ल आमाको काखमा बच्चा सुम्पिएँ ।

समाचार पृष्ठ २

थापा चुनिए राष्ट्रसंघ परिषद् अध्यक्ष, नेपालको ऐतिहासिक फड्को

सुरज भण्डारी | *अमेरिका*

संयुक्त राष्ट्रसंघका लागि नेपालका स्थायी प्रतिनिधि लोकबहादुर थापा संयुक्त राष्ट्रसंघ आर्थिक तथा सामाजिक परिषद् (युनाइटेड नेसन्स् इकोनोमिक एन्ड सोसल काउन्सिल) को अध्यक्षमा चुनिएका छन्। यसअघि उपाध्यक्ष रहेका थापा वर्ष २०२५/२०२६ का लागि अध्यक्ष चुनिएका हुन्। राष्ट्रसंघका मुख्य ६ वटा अंगमध्ये एक इकोनोमिक एन्ड सोसल काउन्सिलको अध्यक्ष चुनिएका थापा यो पदमा पुग्ने पहिलो नेपाली कूटनीतिज्ञ हुन्। साथै, ७० वर्षको संयुक्त राष्ट्रसंघमा नेपालको सहभागिताको इतिहासमा राष्ट्रसंघको यो जिम्मेवारीमा नेपाल पुगेको पहिलो अवसर हो।

राष्ट्रसंघमा मुख्य ६ वटा अंगहरूमा साधारणसभा (जनरल एसेम्बली), सुरक्षा परिषद् (सेक्युरिटी काउन्सिल), आर्थिक तथा सामाजिक परिषद् (इकोनोमिक एन्ड सोसल काउन्सिल), ट्रस्टी सिप परिषद् (ट्रस्टी सिप काउन्सिल), न्यायको अन्तर्राष्ट्रिय अदालत (इन्टरनेसनल कोर्ट अफ जस्टिस) र सचिवालय रहेका छन्। राष्ट्रसंघको ६ मध्ये एक अंगको प्रमुख चुनिएका थापाको कार्यकाल ३१ जुलाई २०२६ सम्म हुनेछ। अन्तर्राष्ट्रिय आर्थिक सहयोग र विकासलाई प्रवर्धन गर्ने मुख्य जिम्मेवारी रहेको यस परिषद्मा ५४ देश सदस्य छन्।

आर्थिक तथा सामाजिक परिषद्को अध्यक्षता गरिसकेपछि मन्तव्य राख्दै संयुक्त राष्ट्रसंघका लागि नेपालका स्थायी प्रतिनिधि थापाले नेपालका लागि देखाएको भरोसा र विश्वासका निम्ति सदस्य राष्ट्रहरूलाई धन्यवाद दिएका छन्।

'२०२५/२०२६ सत्रका लागि आर्थिक तथा सामाजिक परिषद्को अध्यक्षता ग्रहण गर्नु मेरा लागि एउटा विशिष्ट सम्मान र सौभाग्यको कुरा हो। म यस महत्त्वपूर्ण भूमिकाका लागि नेपालप्रति राखिएको विश्वास र भरोसाका लागि सबै सदस्य राष्ट्रहरूलाई हार्दिक कृतज्ञता र कदर गर्दछु। म यो जिम्मेवारी विनम्रता, दृढ संकल्प र गहिरो प्रतिबद्धताका साथ स्वीकार गर्दछु', थापाले भनेका छन्।

आउँदो वर्ष परिषद्लाई समावेशी, प्रभावकारी र परिणाममुखी बनाउन साझा दृष्टिकोणका साथ अघि बढाउने धारणासमेत थापाले राखे। 'नेपालका लागि यो एक ऐतिहासिक क्षण हो। यस वर्ष संयुक्त राष्ट्रसंघमा प्रवेश भएको ७० वर्ष भयो, पहिलोपटक अध्यक्षता ग्रहण गर्नु बहुपक्षीयताप्रतिको हाम्रो स्थायी प्रतिबद्धताको प्रमाण हो र यो अवसर विश्वास निर्माण गर्न, बहुपक्षीय सहयोगलाई सुदृढ पार्न र अझ न्यायपूर्ण, समावेशी, समतामूलक र लचिलो संसार प्राप्त गर्न अर्थपूर्ण योगदान गर्ने हाम्रो आकांक्षा हो', उनले भने।

आज विश्व बहुसंकटमा गुज्रिरहेको बताउँदै उनले थपे, 'द्वन्द्व, जलवायु अवरोध, आर्थिक अनिश्चितता र गहिरो असमानताहरू, भूराजनीतिक तनाव, साइबर खतराहरू बढ्दै गइरहेका छन्। सन् २०३० को एजेन्डा गम्भीर रूपमा ट्र्याकबाट बाहिर छ। दिगो विकास लक्ष्यको १७ प्रतिशतमात्र प्रगति भइरहेको छ। गरिबी, भोकमरी र असमानता कायमै छ। मानवीय आवश्यकताहरू बढेका छन्। लगभग ३० करोड जनतालाई तत्काल सहयोगको आवश्यकता छ।

» बाँकी पृष्ठ ६

ECOSOC
United Nations

नेपालका लागि यो एक ऐतिहासिक क्षण हो । यस वर्ष संयुक्त राष्ट्रसंघमा प्रवेश भएको ७० वर्ष भयो, पहिलोपटक अध्यक्षता ग्रहण गर्नु बहुपक्षीयताप्रतिको हाम्रो स्थायी प्रतिबद्धताको प्रमाण हो ।

लोकबहादुर थापा,
अध्यक्ष, राष्ट्रसंघ आर्थिक तथा सामाजिक परिषद्

शर्माको माग सुन्न प्रचण्ड तयार

राजकरण महतो | *काठमाडौं*

माओवादी केन्द्रका उपमहासचिव जनार्दन शर्माले उठाएको नेतृत्व हस्तान्तरणको मुद्दाले स्थायी कमिटीको बैठकमा प्रवेश पाएको छ। शुक्रबारदेखि सुरु भएको पार्टीको हाई कमान्डको बैठकमा पार्टी अध्यक्ष पुष्पकमल दाहाल(प्रचण्ड)ले उपमहासचिव शर्माले उठाएको विषय सुन्नका लागि परामर्श गरिने बताएका छन्। सो कुराबारे प्रचण्डले मुख खोलेको पार्टी उपमहासचिव गिरिराजमणि पोखरेलले जानकारी दिए। पार्टीको आन्तरिक एकताका लागि एजेन्डा नै बनाइएको छ।

पार्टी पुनर्गठन, नेतृत्व हस्तान्तरण र पुस्तान्तरणको सवालमा माओवादी पार्टी, अध्यक्ष प्रचण्ड तथा उपमहासचिव शर्माबीच दुई वर्षदेखि विवाद हुँदै आएको छ। महाधिवेशन नजिकिएसँगै नेतृत्वको विवाद फेरि चुलिएको छ। पार्टी पुनर्गठनको माग उठाउँदा नेता शर्मालाई पार्टीको माथिल्लो तहबाटै पार्टी फुटाउन लागेको आरोप लाइन्छ।

'क.प्रचण्डजीले यसअघि नेता शर्माले उठाउनुभएका विषयहरू परामर्श बैठकबाट सम्बोधन गर्नुभयो। शुक्रबार पनि पार्टीभित्रको एकतालाई बलियो बनाउन सबैमा उहाँले आग्रह गर्नुभएको छ', बैठकमा प्रचण्डले बोलेको कुरालाई उद्धृत गर्दै उपमहासचिव पोखरेलले भने, 'शनिबारको बैठकमा सबै नेताहरूले कुरा राख्नुहुन्छ। त्यसमा जनार्दनजीले पनि आफ्नो कुरा राख्नुहोला।'

समाजवादी मोर्चामा देखिएको समस्या समाधान भएको अध्यक्ष प्रचण्डले पार्टीका नेताहरूलाई जानकारी दिएका छन्। जनता समाजवादी पार्टी नेपाल मोर्चाबाट बाहिरिएपछि शिथिल बनेको थियो। अध्यक्ष प्रचण्डले नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधव नेपालसँग पार्टी एकताका लागि भइरहेको वार्ता सकारात्मक बन्दै गएको बताएका छन्।

» बाँकी पृष्ठ ६